समाज लघुवित्त वित्तीय संस्था लिमिटेड
Samaj Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "घ" वर्गको संस्था)
(तिन जिल्ला कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय : मलगंवा नगरपालीका-१०, मलगंवा, सर्लाही
फोन नं. ०४६ - ५२१७९५, फ्याक्स ०४६ - ५२१७९५
Email : samajlbsl@gmail.com, website: www.samajlaghubitta.org.np

# Unaudited Quarterly Financial Statement

## As at 2nd Quarter (30/09/2079) of the Fiscal Year 2079/080

*(Rs. '000')*

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **412778.59** | **395615.37** | **392990.60** |
| 1.1 | Paid-up Capital | 20000.00 | 20000.00 | 20000.00 |
| 1.2 | Reserves and Surplus ** | 21679.22 | 18870.59 | 25413.43 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 219961.13 | 221754.23 | 221429.42 |
| 1.5 | Deposits (a+b) | **138287.12** | **123049.89** | **123677.59** |
| | a. Domestic Currency | 138287.12 | 123049.89 | 123677.59 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | | | |
| 1.7 | Other Liabilities | 12851.12 | 11940.66 | 2470.16 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **412778.59** | **395615.37** | **392990.60** |
| 2.1 | Cash & Bank Balance | 8474.07 | 5778.25 | 9868.80 |
| 2.2 | Money at call and short Notice | | | |
| 2.3 | Investments | | | |
| 2.4 | Loans & Advances | **394694.16** | **381275.00** | **376969.99** |
| 2.5 | Fixed Assets | 1142.34 | 1115.64 | 1111.64 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 8468.02 | 7446.48 | 5040.16 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 27597.35 | 12619.36 | 52740.27 |
| 3.2 | Interest Expense | 18652.20 | 9232.89 | 29661.25 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **8945.15** | **3386.47** | **23079.02** |
| 3.3 | Fees Commission and Discount | **252.72** | | |
| 3.4 | Other Operating Income | 3481.97 | 1526.13 | 6654.37 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **12679.83** | **4912.60** | **29733.40** |
| 3.6 | Staff Expenses | 6203.12 | 3102.69 | 9599.48 |
| 3.7 | Other Operating Expenses | 2197.56 | 1168.49 | 4454.21 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **4279.16** | **641.42** | **15679.70** |
| 3.8 | Provision for Possible Loss | 7595.72 | 1644.60 | 35211.00 |
| **D** | **Operating profit (C-3.8)** | **-3316.56** | **-1003.18** | **-19531.30** |
| 3.09 | Non Operating Income/Expenses (Net) | | | |
| 3.10 | Write Back of Provision for Possible Loss | 6388.37 | 1266.37 | 35949.57 |
| **E** | **Profit From Regular Activities (D+3.09+3.10)** | **3071.81** | **263.19** | **16418.27** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **3071.81** | **263.19** | **16418.27** |
| 3.12 | Provision For Staff Bonus | | | |
| 3.13 | Provision For Tax | | | |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **3071.81** | **263.19** | **16418.27** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 10.81% | 12.30% | 9.25% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 4.71% | 0.19% | 0.09% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 21.10% | 420.94% | 2694.87% |
| 4.4 | Cost of Funds | 11.43% | 11.98% | 6.77% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 285.42% | 304.80% | 444.54% |
| | **Additional Information (Optional)** | | | |
| 1.1 | Average Yield (Local Currency) | 15.00% | 15.00% | 15.00% |
| 1.2 | Net Interest Spread (Local Currency) | 3.57% | -91.74% | 8.23% |
| 1.3 | Return on Equity | 7.37% | 36.15% | 32.52% |
| 1.4 | Return on Assets | 0.74% | 4.18% | 2.39% |
| 1.5 | Per Share Networth | 208.40 | 194.35 | 227.07 |
| 1.6 | Per Share Income (Annualize) | 15.36 | 1.32 | 82.09 |
| 1.7 | Market Price Per Share | NA | NA | NA |
| 1.8 | Liquidity Ratio | 2.37% | 1.68% | 2.86% |
| 1.9 | Price-Earning Ratio (P/E Ratio) | NA | NA | NA |
| **Note :** | **-- Above unaudited financial statement is subject to change if instructed by the statutory auditor and regulatory audhority.** | | | |

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

# आ.व. २०७९/०८० को दोस्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण :**

**क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।**

**ख) प्रमूख वित्तीय अनुपातहरुः**

| | | | | | |
|---|---|---|---|---|---|
| **प्रति शेयर आम्दानी रु.(बार्षिकमा)** | रु.१५.३६ | **प्रति शेयर नेटवर्थ** | रु.२०८.४० | **तरलता अनुपात** | २.३७% |

**२. व्यवस्थापकिय विश्लेषण :**

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमूख कारण सम्बन्धि विवरणः**

वित्तीय बजारमा देखिएको लगानी योग्य रकमको अभाव, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा सापटीको बढ्दो दोहोरो अंकको ब्याजदर, निष्क्रय कर्जा बृद्धि सँगै बृद्धि भएको कर्जा नोक्सानी व्यवस्थाको कारण यस आ.व. को दोस्रो त्रैमासिक अवधिमा अपेक्षित मुनाफामा कमी आएको छ । वित्तीय बजारमा लगानी योग्य रकमको सहजता पश्चात वित्तीय कारोबारहरुमा केहि सुधार भइ संस्थाको बैंक मौज्दात, आम्दानी र तरलतामा व्यवस्थापनले अनुमान गरे अनुरुप नै बृद्धि हुनेछ ।

**ख) आगामी अवधीको व्यवसायीक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणत्मक विवरणः** प्रदेश स्तरको यस लघुवित्त वित्तीय संस्थाले हाल ३ जिल्लामा कुल ५ वटा शाखा कार्यालहरु मार्फत ७,६६७/-गरिब तथा विपन्न महिलाहरुलाई सदस्य बनाई सेवा प्रदान गरि रहेको छ । संस्थाले कृषी,पशुपालन,सेवा व्यवसाय तथा लघुउद्यम जस्ता व्यवसायहरु संचालनको लागि विशेष गरि महिलाहरुलाई केन्द्रीत गरेर लघुवित्त सेवा प्रदान गर्दै आईरहेको छ । वित्तीय संस्थाले सदस्यहरुलाई लघुउद्यमशिल बनाउने अभिप्रायले समय-समयमा सिपमूलक तालिम तथा वित्तीय साक्षरता सम्बन्धि कार्यक्रमहरु गर्दै आइरहेको छ, साथै लक्षित वर्गहरुमा वित्तीय पहुँच उपलब्ध गराउने अभिप्रायले वित्तिय पुहँच नपुगेको ग्रामिण क्षेत्रहरुमा शाखा विस्तार गरि अफ प्रभावकारी रुपमा सेवा तथा सुविधाको विस्तार गर्ने लक्ष्य रहेको छ । कर्मचारीको कार्य दक्षता बृद्धिका लागि विविध प्रकारका तालिमहरु प्रदान गर्दै आइरहेको तथा अगामी दिनहरुमा बढि भन्दा बढि कर्मचारीहरु लाई उक्त तालिमहरु मा सहभागि गराइ संस्थाको उत्पादकत्वव वृद्धि गर्ने लक्ष्य रहेको छ । कर्जा असुली तथा जोखिमलाई व्यवस्थापन गर्न कर्जा जोखिमको पहिचान,मापन,अनुगमन र नियन्त्रण गर्न संस्थाले कर्जा असुली टोली बनाई परिचालन गर्दै आएको छ । समय सापेक्ष ग्राहकको चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिष्कृत गर्दै लैजान व्यवस्थापन प्रतिवद्ध रहेको छ ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरणः** लघुवित्त संस्थाहरु बीच देखिएको कर्जाको दोहोरोपना, अस्वस्थ्य प्रतिस्पर्धा,बाह्य वातावरणीय प्रभावको कारण ग्राहकहरुमा कर्जाको किस्ता भुक्तानीमा परेको समस्या, लगानी योग्य रकमको अभाव, स्रोतको अपर्याप्तता र परनिर्भरता, कर्जा / सापटीको ब्याजदरमा उच्च बृद्धिका कारण संस्थालाई पर्ने प्रभावलाई व्यवस्थापन गर्न व्यवस्थापन पक्षले आफ्नो उच्च व्यवस्थापकीय कौशलता प्रयोग गर्न र उपयुक्त समयमा उचित निर्णय लिन प्रतिबद्ध रहेको छ ।

**४. लघुवित्त वित्तीय संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण :**

क) धितोपत्र विनियम बजारको खुल्ला बजार कारोबारले यस वित्तीय संस्थाको शेयरको बजार मूल्य निर्धारण गर्ने हुदाँ यस सम्बन्धमा व्यवस्थापन पक्षको कुनै टिप्पणी छैन ।

ख) वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने सम्झौता भएमा शेयर कारोबार रोक्का हुने नीतिगत प्रावधान बमोजिम यस वित्तीय संस्थाको समेत नेपाल स्टक एक्सचेन्जमा सुचिकृत भएको ८६ लाख कित्ता शेयर कारोबार शुरुवात नहुदै मर्जर सहमती भएको कारणले गर्दा कारोबार रोक्का रहेको छ ।

**५. समस्या तथा चुनौती :** क) आन्तरिक समस्या तथा चुनौती : बढ्दो प्रतिस्पर्धाका कारण दक्ष जनशक्तिको अभाव, कर्जा योग्य लगानी रकमको अभाव, शाखा कार्यालयको बृद्धिसँगै सञ्चालन खर्चमा बृद्धि र खुद ब्याजदर अन्तर सन्तुलन गर्न चुनौती रहेको छ ।

ख) बाह्रय चुनौतीहरु : कोभिड महामारी लगत्तै नेपालको अर्थतन्त्रमा देखा परेको तरलता अभाव, स्रोतको परनिर्भरता, कोषको अनिश्चितताका कारण लगानीयोग्य रकममा आएको कमी, कोषको बढ्दो ब्याजदर, बाह्य वातावरणीय प्रभावको कारण ग्राहकहरुमा कर्जाको किस्ता भुक्तानीमा परेको समस्या, संस्थाहरुबीच देखिएको तिब्र प्रतिस्पर्धा, कर्जा दोहोरोपनाले सञ्चालन लागत वृद्धि हुन गई संस्थाको मुनाफामा समेत प्रत्यक्ष असर पर्ने देखिन्छ । साथै बजार संकुचित हुँदै जानु र ग्रामीण क्षेत्रमा वित्तीय सेवा सञ्चालन गर्नको लागि आवश्यक न्युनतम भौतिक पुर्वाधारको कमीले गर्दा सो क्षेत्रहरुमा कार्यक्रम विस्तार गर्न चुनौती रहेको छ ।

ग) समाधानका रणनीतिहरु : आन्तरिक तथा वाह्य समस्या र चुनौतीहरुको विश्लेषण र सावधानी अपनाई कारोबार विस्तार गर्न व्यवस्थापनले उच्च सर्तकता अपनाएको छ । आफ्नो कार्यक्षमता अभिवृद्धि गरी स्तरीय सेवा प्रदान गर्नको लागि कर्मचारीहरुलाई आवश्यक तालिम दिने तथा निजहरुलाई संस्थाप्रति आवद्ध राख्नको लागि यथोचित रणनीति अवलम्वन गरिएको छ । कोषको अभाव,

सञ्चालन खर्च, र ब्याजदर अन्तर व्यवस्थापन गर्न आन्तरिक बचतलाई विशेष ध्यान दिइएको छ । प्रतिस्पर्धात्मक वातावरणमा संस्थाको पहिचान उच्च राख्न ग्राहक मैत्री सेवा सुबिधाहरु प्रदान गर्नुका साथै आधुनिक समाज सुहाउँदो वित्तीय सेवा तथा सुबिधा प्रदान गरिरहेको र थप सुबिधा प्रदान गरिने नीति लिएको छ । कोषको लागत, संकुचित बजार र ग्रामीण क्षेत्रमा कारोबार बढाउनको लागि इक्विटि र बचतमा बृद्धि,नयाँ स्थानहरुको सम्भाव्यता अध्ययन र सूचना तथा प्रबिधिमा लगानी गरी समस्या तथा चुनौतीहरुको समाधान गरिएको छ । साथै, नेपाल राष्ट्र बैंकको निर्देशानुसार प्रदान गरिने विभिन्न सुविधाहरु लगायत उपयुक्त परामर्श र सेवाहरु प्रदान गर्दै कोरोना महामारीले निम्त्याउने आर्थिक संकट व्यवस्थापन गर्ने, संस्थाको समग्र जोखिम व्यवस्थापनको आधारभुत पक्षलाई मजबुत बनाई उल्लेखित चुनौतिको समाधान गर्ने र आन्तरिक खर्चमा मितव्ययिता अपनाई निर्धारित लक्ष्य प्राप्त गरिने रणनीति अवलम्बन गरिएको छ ।

६. **संस्थागत सुशासन :** संस्थागत सुशासनका लागि संस्था सदैव प्रतिवद्ध रहेको छ । संचालक समितिका काम कारवाहीहरु तथा संस्थाका अन्य सबै क्रियाकलापहरु पारदर्शी रुपमा संचालन गरी संस्थागत सुशासनको विकास गर्न एवम् सोको अनभूती गराउन संस्था सदैव क्रियाशील छ ।संस्थाले संस्थागत सुशासन कायम गर्नको लागि नेपाल राष्ट्र बैक तथा अन्य नियमनकारी निकाय द्धारा जारी गरिएको निर्देशनहरुको पुर्ण पालना गरिएको छ साथै सञ्चालक समितिले विभिन्न नीति निर्देशिकाहरु निर्माण गर्ने र उक्त नीति निर्देशिकाहरुलाई व्यवस्थापनले कार्यान्वयन गर्दै आईरहेको छ ।

७. **सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमूखको उद्घोषण** :आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन ।